**DGM NEPAL**

***"डीजीएम नेपाल: आदिवासी जनजाती र स्थानिय समुदायको समृद्धिको लागि दिगो वन व्यवस्थापन"***

# प्रतिस्पर्धात्मक अनुदानको लागि आशय पत्र आव्हान (Expression of Interest)

नेपाल ग्रामीण पुनर्निर्माण संस्था मानव अधिकार, विकास, लोकतन्त्र, र शान्तिप्रति प्रतिबद्ध एक नेपाली गैरसरकारी, गैरनाफामूखी, सामाजिक विकास संस्था हो । विश्व बैंकबाट प्राप्त भएको आदिवासी जनजाति र स्थानीय समुदायको लागि समर्पित अनुदान संयन्त्र -Dedicated Grant Mechanism For Indigenous Peoples and Local Communities) परियोजनाको लागि नेपाल ग्रामीण पुनर्निर्माण संस्था राष्ट्रिय कार्यकारी निकाय -National Executing Agency- NEA_ हो । DGM Nepal लाई मार्गनिर्देशन गर्नको लागि नेपाल आदिवासी जनजाती महासंघ र सामुदायिक वन उपभोक्ता महासंघको सहनेतृत्वमा १४ वटा सामाजिक संस्थाहरु सहितको राष्टिय सञ्चालन समिती (National Steering Committee-NSC) रहेको छ । यस परियोजना अन्तर्गत मधेश र लुम्बिनी प्रदेशका वन तथा कृषिवनमा आधारित साना र लघुउद्यम विकास र प्रवर्द्धनका लागि योग्य र संभावित उद्यमीहरुलाई आशय पत्र सहित आवेदन पेश गर्नका लागि यो सूचना प्रकशित गरिएको छ ।

<table>
<tr><th>उद्देश्य: यस प्रतिस्पर्धात्मक लघु योजनाले नेपाल सरकारको समृद्धिका लागि वन परियोजना अन्तर्गत समर्थित् गतिविधिहरुको पूरकको रुपमा काम गर्नेछ</th><th>योग्यताका न्यूनतम मापदण्डहरु</th></tr>
<tr><td>यस परियोजनाले जलवायु परिवर्तन न्यूनीकरण, जैविक विविधता संरक्षण, र प्रकृतिमा आधारित समाधान वा परिस्थितिकीय (Ecosystem) सेवाहरू जस्ता विभिन्न उपलब्धिहरु हाँसिल गर्दै आदिवासी जनजाती र स्थानीय समुदायहरू (IPLCs) समावेश गरेर जीविकोपार्जन बढाउन, दिगो वन व्यवस्थापन (SFM) लाई प्रवर्द्धन गरिनेछ । यसले सामाजिक-आर्थिक सम्भाव्यता, दिर्घकालिन प्रभाव, सामुदायिक समर्थन र स्थानिय परम्परागत ज्ञान तथा सीपहरूको विकासलाई प्राथमिकता दिनेछ ।<br>यस परियोजनाले समावेशीता, पारदर्शिता र तटस्थताका आधारमा वनमा आश्रित आदिवासी जनजाति तथा स्थानीय समुदायको साथै अल्पसंख्यक, महिला, युवा, सीमान्तकृत र पिछडिएका समूह, अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिनेछ ।</td><td>यस परियोजनाका प्रतिस्पर्धात्मक अनुदानको लागि योग्य मधेश र लुम्बिनी प्रदेशहरुका मात्र लाभग्राहीहरू जो कानूनी रूपमा दर्ता भएका आदिवासी जनजाति तथा स्थानीय समुदाय र समूहहरूमा आवद्ध संस्था तथा व्यक्तिहरू हुनुपर्दछ । स्थायी खाता नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) नम्बर नभएकाहरूले भएकाहरूसंग मिलेर आवदेन दिन सक्नुहुनेछ । आवदेन गर्ने यस्ता साना तथा लघु योजनाहरु नेपालको समृद्धिका लागि वन (Forest for Prosperity) परियोजना संचालन भएका लुम्बिनी र मधेस प्रदेशका तोकिएका गाउँपालिका/नगरपालिकाहरूबाट मात्र आउनुपर्ने छ । तोकिएका कार्यक्षेत्रहरुको नामावली तल उल्लेखित वेबसाइटमा उपलब्ध छ ।</td></tr>
<tr><td colspan="2">न्यूनतम मापदण्ड पूरा गरेका ईच्छुक व्यक्ति/संस्थाले विस्तृत आशय पत्र निर्देशिका अनुसार विवरण भरि पठाउनु पर्नेछ । उक्त आशय पत्र डिजीएम नेपाल, NEA को नाममा तल उल्लेखित ठेगानामा मिति ४ मंगसिर २०८० देखि ४ पौष २०८० (20th Nov 2023- 20th December 2023) सम्म पेश गरिसक्नु पर्नेछ । समय अवधि पछि प्राप्त भएका आवेदनहरु मान्य हुनेछैन ।</td></tr>
</table>

**<u>आशय पत्र आवेदनका पेशका लागि ठेगाना:</u>**

सबै आवश्यक जानकारीका साथ आवेदन फारम cfp.dgmnepal@rrn.org.np मा पेश गर्नुपर्नेछ ।
www.dgmnepal.org बाट आवेदन फारम र अनुदान सम्बन्धित अन्य कागजातहरु र पेश गर्नुपर्ने आवश्यक सूचनाहरु डाउनलोड गर्न सक्नुहुनेछ ।

**सम्पर्क कार्यालयहरुः लुम्बिनी प्रदेश - बुटवल, सम्पर्क नम्बर ९८२९९०१९४९ तथा मधेश प्रदेश, जनकपुर ९८१६८००७८८**

सबै आवेदनहरूलाई आशय पत्र निर्देशिका अनुसार पर्याप्त कागजात, प्राविधिक, व्यवस्थापकीय, सामाजिक तथा वातावरणीय र वित्तीय जाँचको आधारमा मुल्यांकन गरिनेछ । पहिलो चरणको आशयपत्र छनौट (EOI Screening) तथा स्वीकृत आवेदनको निर्णय NEA सूचना बोर्ड र वेबसाइटमा पोष्ट गरिनेछ । आसय पत्र स्वतन्त्र निस्पक्ष्य र बिशेषज्ञ समुहबाट छनौट गरिनेछ । यस सम्बन्धमा कुनै संस्थाको पक्षमा वा कुनै प्रकारको अनावश्यक दबाव आएको ठहर भएमा उक्त संस्था या व्यक्तिले पेश गरेको आशय पत्र स्वत: खारेज हुनेछ। थप जानकारीको लागि आवेदकले NEA, माथि दिइएको वेबसाइटमा बुझ्न सक्नुहुनेछ ।